# रामपुर नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १८ मितिः २०८१/११/०५

## भाग -२

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम रामपुर नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।



रामपुर नगरपालिका, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np
Website: rampurmun.gov.np

# "रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि (पाचौं संशोधन), २०७५"

प्रस्तावनाः देशका कर्णधार साथै विकासका साझेदार, सकारात्मक विकास र परिवर्तनका सवाहक युवाहरुलाई सृजनशील, सिपयुक्त, उद्यम एवं रचनात्मक ढंगले काम गर्न सक्ने जिम्मेवारी नागरिकको रुपमा विकसित हुने अवसर सृजना गरिदिने स्थानीय तहको दायित्व हो । सन्तुलित एवं दिगो विकास कार्यक्रमलाई अगाडी बढाउन उत्पादनशील श्रम, सामाजिक, आर्थिक, सांस्कृतिक एवं सहभागिताको विकास गर्नका निमित्त बेरोजगार तथा अवसरको खोजीमा रहेका युवा वर्गलाई प्रत्यक्ष फाइदा पुग्ने गरि आयमुलक कार्य गरि आयआर्जन वृद्धि गर्न रोजगारी, स्वरोजगारी, उद्यमशीलता र सामाजिक विकासलाई प्रोत्साहित गर्दै जिवनयापनमा सहजता ल्याउन जोड दिने ध्ययले नगरपालिका लक्षित मार्फत युवा स्वरोजगार कोष खडा गरि युवा स्वरोजगार प्रवर्द्धन कार्यक्रमका लागि यो कार्यविधि तयार गरिएको छ ।

**१संक्षिप्त. नाम र प्रारम्भ**

१. यस कार्यविधिको नाम "रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधि (पाचौं संशोधन), २०७५" रहनेछ ।

२ .यस कार्यविधि नगरपालिकाको कार्यपालिका बैठकबाट पारित भएपछि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. रामपुर नगरपालिकाको युवा स्वरोजगार कार्यक्रम संचालन कार्यविधिको दफा ९ मा संशोधन**

(१) दफा ९ को "क" (१) मा ब्यबस्था भएको "व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक मार्फत बढीमा ३० लाखसम्म कर्जा लिन सक्ने छन् भन्ने व्यवस्था रहेकोमा "व्यक्ति वा समूहले यसै रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंक वा रामपुर नगरपालिका भित्र सेवा प्रवाह गरिरहेका बैंकको सहमतिमा नगर क्षेत्र वाहिरका बैंक शाखा मार्फत बढीमा ३० लाखसम्म कर्जा लिन सक्ने छन् " भन्ने व्यहोरा राख्ने ।

आज्ञाले
सुर्य दर्शन पण्डित
प्रमुख प्रशासकीय अधिकृत



रामपुर नगरपालिका, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
Email : rampurmunicipality@gmail.com/info@rampurmun.gov.np
Website: rampurmun.gov.np